अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं.:९८५७६८३८१०
ईमेल: ito.annamun@gmail.com
वेब: annapurnamunmyagdi.gov.np
G-Plus Code: FJJV+JH Shikha


प.सं.: ०८२।८३(कृषि विकास शाखा )
च.नं. : 260

मिति : २०८२।०५।१७ गते
ने.सं. ११४५ अंलाथ्व दशमी

## अनुदानमा कृषि कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।।।

**प्रथम पटक सूचनाको प्रकाशन मिति २०८२।०५।१७**

यस अन्नपूर्ण गाउँपालिका कृषि विकास शाखाबाट कार्यान्वयन हुने गरी आ.व. २०८२/८३ को लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक, कृषि फर्म, कृषक समूह र कृषि सहकारीहरुले सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालय तथा सम्बन्धित वडा कार्यालयमा तपसिलका कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>तपसिल</u>

| क्र स | कार्यक्रम | बजेट | अनुदानको सिमा | कार्यक्रमको संख्या/पटक | सञ्चालन गर्न सकिने क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | फलफुल खेती प्रवर्द्धन कार्यक्रम | ३०० | ६० % | १ | • कागती/सुन्तला/ किवी वितरण तथा प्राविधिक सहजिकरण<br>• कृषक/कृषक समूह/कृषि सहकारी,/कृषि फर्म, आवेदन पेश गर्न सकिने ।<br>**नोट :- कृषक समूह/कृषि सहकारीको हकमा सदस्यहरुको नाम, कुन बाली कति रोपनी क्षेत्रफल खुलाई निर्णय** | |
| २ | फलफुल सदृढिकरण गर्न कृषि सामाग्री वितरण | ३०० | ५०% | १ | • निलोतुथो/चुन वा कपरपेष्ट तथा प्राविधिक सहजिकरण<br>• कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीहरुले आवेदन पेश गर्न सकिने ।<br>**नोटः- कृषक समूह/कृषि सहकारीको हकमा सदस्यहरुले माग गरेको निर्णय** | |
| ३ | प्लाष्टिक टनेल निर्माण तथा वितरण कार्यक्रम | ५०० | ५० % | ५ | • कृषि फर्म/ कृषक समूह/ सहकारीहरुले विगतमा कम्तिमा १ रोपनी क्षेत्रफलमा व्यवसायिक रुपमा तरकारी खेती गरेको हुनुपर्नेछ ।<br>**(जस्तैः- प्लाष्टिक टनेल निर्माण र आवश्यक कृषि यान्त्रिकरण, बीउ, बिषादी, जैविकमल एवंम सुक्ष्मतत्व उपलब्ध गराउन सकिने)**<br>नोट :कृषक समूह/कृषि सहकारीको हकमा सदस्यहरुले माग गरेको निर्णय | |
| ४ | मिनि टिलर खरिद तथा वितरण कार्यक्रम | ५०० | ५० % | नियमानुसार | • मिनिटिल (डिजल वा पेट्रोल )<br>• कृषक/ कृषि फर्म, कृषक समूह तथा सहकारीहरुले आवेदन पेश गर्न सकिने ।<br>**नोटः- कृषक समूह/कृषि सहकारीको हकमा सदस्यहरुको नाम, कुन बाली कति रोपनी क्षेत्रफल खुलाई निर्णय** | |
| ५ | चिया खेती पर्वद्धन कार्यक्रम | २०० | ६० % | १ | • कृषक/ कृषि फर्मको हकमा २ रोपनी र कृषक समूह/कृषि सहकारीको हकमा ५ रोपनी क्षेत्रफलमा खेती विस्तार गर्नु पर्ने ।<br>• कृषक/कृषि फर्म, कृषक समूह तथा सहकारीहरुलाई कुल लागतको ६० प्रतिशत अनुदानमा चियाको बेर्ना वितरण गरिनेछ । | |
| ६ | बीउ आलु खरिद र वितरण कार्यक्रम | ५०० | ७५% | १ | • कृषक/कृषि फर्म, कृषक समूह तथा सहकारीहरुलाई कुल लागतको ७५ प्रतिशत अनुदानमा (बीउ आलु) वितरण गरिनेछ ।<br>• कृषक हकमा न्यूनतम १ रोपनी, कृषि फर्मको हकमा न्यूनतम ३ रोपनी, कृषक समूह/कृषि सहकारीको हकमा न्यूनतम १० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्ने । | |
| ७ | साना व्यवसायिक स्थापना तथा विस्तार कार्यक्रम | ३०० | ५०% | ३ | १.फलफुल बाली :- कम्तीमा १५ रोपनी (कृषक समूह तथा सहकारी ) र कृषि फर्मको हकमा कम्तीमा ५ रोपनीमा जगगामा व्यवसायीक खेती गर्नु पर्ने ।<br>२.तरकारी खेती :- खुल्ला जमिनमा ३ रोपनी र (५•१० मि. ५० वर्ग मिटर •२ वटा १०० वर्ग मि.) संरक्षित संरचना भित्र तरकारी खेती गर्नु पर्ने ।<br>३.अदुवा र बेसार खेती :- कम्तीमा १० रोपनी (कृषक समूह तथा सहकारी ) र कृषि फर्मको हकमा कम्तीमा ५ रोपनीमा जगगामा व्यवसायिक खेती गर्नु पर्ने ।<br>४. च्याउ खेती :- (४•८ मि. ३२ वर्ग मि. २ वटा ६४ वर्ग मि.) संरक्षित संरचना भित्र कन्ये च्याउ खेती गर्नु पर्ने ।<br>५.मौरी पालन :- कृषि फर्मको हकमा न्यूनतम १० वटा गोला सहितको मौरी घार र | |

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं.:९८५७६८३८१०
ईमेल: ito.annamun@gmail.com
वेब: annapurnamunmyagdi.gov.np
G-Plus Code: FJJV+JH Shikha

प.सं.: ०८२।८३(कृषि विकास शाखा )
च.नं. : २६०

मिति : २०८२।०५।१७ गते
ने.सं. ११४५ अंलाथ्व दशमी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | कृषक समूह/सहकारीको हकमा न्यूनतम १५ गोला सहितको मौरी घार पालन गर्नुपर्ने<br>नोट :- कृषक समूह/कृषि सहकारीको हकमा सदस्यहरुको नाम, कुन बाली कति रोपनी क्षेत्रफल खोलाई निर्णय | |
| ८ | रैथानेबाली उत्पादन प्रोत्साहन कार्यक्रम | ३०० | ० | | रैथाने बालीहरू जस्तै जुनेली मकै, कल्ला (केराउ), कालो भट्ट, गहत, मास, घैया, लट्टे, फापर, उवा, मस्याङ्ग, लोकल बोडी, कोदो, काडे मकै, तोरी गरी जम्मा (१४) बालीहरुको खेती गर्ने कृषकहरुको लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।<br>• कृषकको हकमा न्यूनतम १ रोपनी, कृषि फार्मको हकमा न्यूनतम ३ रोपनी खेती गरेको हुनुपर्नेछ।<br>• प्रत्येक बालीमा सबैभन्दा धेरै उत्पादन गर्ने कृषक/ कृषि फर्महरुलाई प्रति बाली कर सहित रू. १५०००/- का दरले प्रोत्साहन रकम उपलब्ध गराईनेछ।<br>• कृषक/ कृषि फर्महरुले कुनै एक बालीमा मात्र आवेदन दिन पाउने।<br>नोट :- कृषक/कृषि फर्महरुले कुनै एक बालीमा मात्र आवेदन दिन पाउने । | |

**संलग्न गर्नु पर्ने कागजातहरु:**

- निवेदन ( अनुसूची ३ बमोजिम )
- दर्ता/नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
- व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव ( अनुसूची २ बमोजिम)
- अघिल्लो दुई वर्षमा कुनै कार्यालयबाट अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र ( अनुसुची ५ बमोजिम)
- कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सम्बन्धित वडाको सिफारिस पत्र।
- कृषक समुहको हकमा अनुदानको माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
- प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
- जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि।
- अर्काको नाममा रहेको जग्गामा कार्यक्रम सञ्चालन गर्ने भए जग्गा धनीको मञ्जुरी नामा वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा करारमा भएमा कम्तिमा १० बर्ष सम्मको करार सम्झौता पत्र।

**नोट :- (कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम संचालन गरिनेछ )**
**थप जनकारीका लागि (कृषि विकास शाखा )**

- ➢ श्याम सरन कुर्मी (कृषि अधिकृत ):-९८५७६२७१०८
- ➢ रोजिना माग्रती (प्रा.स) :-९८६०५५३६५६
- ➢ शिवराज जैसि (ना.प्रा.स ) :-९८६८७३९६८८,
- ➢ सम्झना खत्री (ना.प्रा.स ) :- ९८४०७७४०५३

२०८२।०५।१६



CamScanner